मिति २०८१/०९/१४ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यू अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

## उपस्थित

| क्र.सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्णबहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिव बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | मायादेवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | गा.पा.का. | |
| १९ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | गा.पा.का. | |
| २० | श्री गंगा बहादुर घले | स.ले.अ. | गा.पा.का. | |

*मिति २०८१/०९/१४ गाउँ कार्यपालिका बैठक निर्णय*

*आ.व २०८१/०८२ बैठक संख्या ७*

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।

२. सहिद प्रेम ढकाल स्मृति अस्पतालको म्याद थप सम्बन्धमा |

३. पोषणमैत्री गाउँपालिका कार्यक्रम सम्बन्धमा |

४. रनिङ्ग शिल्ड प्रतियोगिताको खर्च भुक्तानी सम्बन्धमा |

५. कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा |

६. मुख्यमन्त्री नवप्रवर्धन कार्यक्रम सम्बन्धमा |

७. लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण सम्बन्धमा |

८. गाउँपालिकाको WASH PLAN निर्माण सम्बन्धमा |

९. विविध ।

## <u>निर्णयहरुः</u>

**निर्णय नं. १)** आ.व २०८१/०८२ को हाल सम्मको योजना प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो।

**निर्णय नं. २)** बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ मा ओम बुद्ध-बुद्ध नवकान्तिपुर जे. भि. काठमाण्डौंद्धारा निर्माणधिन १५ शैय्याको सहिद प्रेम ढकाल स्मृति अस्पताल ( ठेक्का नं BSRM/GORKHA/NCB/WORKS-15/077/078) को निर्माण सम्पन्न गर्ने म्याद २०८२ साल पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३)** पोषण मैत्री गाउँपालिका कार्यक्रमको सूचक/ क्रियाकलापहरुमा आधारित भई सम्बन्धित निकाय/शाखा/संस्था मार्फत कार्यक्रमको भौतिक प्रगति र आगामी १ महिनाको अवधिमा सञ्चालन गर्ने योजनाको विवरण सम्बन्धित शाखा द्धारा प्रस्तुत गरियो |

**निर्णय नं. ४)** मिति २०८१/०७/१० देखि १३ गते सम्म सञ्चालन भएको पाँचौं बारपाक सुलिकोट तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा भएको जम्मा खर्च रु १६,२०,५१९/-(अक्षेरेपी सोह्र लाख विस हजार पाँच सय उन्नाइस) स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त प्रतियोगिताका लागि विनियोजित

रु. १४,००,०००/- (अक्षेरेपी चौध लाख रुपैयाँ) मा अपुग रकम रु. २,२०,५१९/-(दुई लाख विस हजार पाँच सय उन्नाइस) विविध खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो |

**निर्णय नं. ५)** पशु सेवा शाखाले पेश गरेको **बारपाक सुलिकोट गाउँपालिकाको कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि २०८१** स्वीकृत गरि कार्यान्वायन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६)** मुख्य मन्त्री नव-प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गतको **ओखर खेती प्रवर्धन कार्यक्रम**को हालसम्मको प्रगति बारेमा समीक्षा गरि बाँकी रहेका कामलाई वडा नं ३ र ४ का अध्यक्षहरु र कृषि सेवा शाखाको अगुवाईमा द्रुत गतिमा सञ्चालन गर्न सम्बन्धित पक्षलाई निर्देशन दिने निर्णय गरियो |

**निर्णय नं. ७) )** स्थानीय तहका लागि लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार तपशिलवमोजिमको समिति गठन गरि बारपाक सुलिकोट गाउँपालिकाले आ.व. ०८०/०८१ मा सम्पादन गरेका कार्यहरुको लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्ने निर्णय गरियो ।

<u>लैससास कार्यान्वायन समितिः</u>

संयोजकः विष्णु प्रसाद भट्ट, गाउँपालिका अध्यक्ष

सदस्यः सनमाया गुरुङ, गाउँपालिका उपाध्यक्ष

सदस्यः सुवास आले, प्रमुख प्रशासकीय अधिकृत

सदस्यः कृष्ण गुरुङ, सामाजिक विकास समिति संयोजक

सदस्यः बल बहादुर गुरुङ, ३ नं वडा अध्यक्ष

सदस्यः सन्तकुमारी बराम, कार्यपालिका सदस्य

सदस्यः जानुका देवी पनेरु, कार्यपालिका सदस्य

सदस्यः तेजु गुरुङ, सामाजिक संघ संस्थाको प्रतिनिधि

सदस्यः सुनिता नेपाली, सामाजिक संघ संस्थाको प्रतिनिधि

सदस्यः ईन्दिरा, सामाजिक संघ संस्थाको प्रतिनिधि

सदस्य सचिवः ईन्दिरा बराल, सहायक महिला विकास निरीक्षक

**<u>लैससास परीक्षण कार्यदलः</u>**

संयोजकः शुभप्रभात नेपाली, कार्यपालिका सदस्य

सदस्यः डा. भोजविक्रम बुढा मगर, विषय विज्ञ

सदस्यः गोमा भट्ट, सामाजिक संघ संस्थाको प्रतिनिधि

सदस्यः गंगा अछामी, सामाजिक संघ संस्थाको प्रतिनिधि

सदस्यः ईन्दिरा बराल, सहायक महिला विकास निरीक्षक

**निर्णय नं. ८)** गण्डकी प्रदेश सरकार उर्जा, जलस्रोत, खानेपानी तथा सरसफाई मन्त्रालयसँग गाउँपालिकाले गरेको सम्झौता वमोजिम गाउँपालिकाको **NWASH PLAN** निर्माण गरी कार्यान्वायन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९) विविध |**

क) मिति २०७९/०९/२५ को गाउँ कार्यपालिका तथा स्थानीय भू-उपयोग परिषदको निर्णय बमोजिम यस पालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा छुट भएका कित्ता जग्गाहरु मध्ये सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम तपशिलका जग्गा धनीको कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण निम्न अनुसार गर्ने निर्णय गरियो ।

**<u>तपशिलः</u>**

| क्र.सं. | जग्गा धनीको नाम | हालको ठेगाना | साविक ठेगाना | | कित्ता नं. | भूउपयोग क्षेत्र- |
|---|---|---|---|---|---|---|
| | | | गा.स.वि. | वडा नं. | | |
| १ | जमुना गुरुङ | बा.सु.गा.पा. ८ | पन्द्रुङ्ग | ५ | ४९२ | आवासीय क्षेत्र |
| २ | खड्का प्रसाद ढकाल | बा.सु.गा.पा. ८ | पन्द्रुङ्ग | ३ | ११५९ | आवासीय क्षेत्र |
| ३ | नितु बराम | बा.सु.गा.पा. ८ | पन्द्रुङ्ग | ३ | १४८४ | कृषि क्षेत्र |
| ४ | गंगा देवी ढकाल | बा.सु.गा.पा. ८ | पन्द्रुङ्ग | ३ | ७७०, ७८५ | कृषि क्षेत्र |
| ५ | ईन्द्र बहादुर गुरुङ | बा.सु.गा.पा. ८ | पन्द्रुङ्ग | ५ | १५७९ | आवासीय क्षेत्र |
| ६ | खरिमाया गुरुङ्गसेनी | बा.सु.गा.पा. ८ | पन्द्रुङ्ग | ५ | १५७८ | आवासीय क्षेत्र |

ख) नेपाल सरकारको वित्तीय हस्तान्तरण अन्तर्गत आ.व २०८१/०८२ को लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत प्राप्त भएको शसर्त अनुदान रु १३,००,०००/ अक्षेरुपी [तेह्र लाख रुपैया] गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को उपदफा १ बमोजिमका क्रियाकलापका लागि तपशील बमोजिम बजेट ब्रेकडाउन गर्ने र लघु उद्यम विकास कार्यक्रम संचालन गर्नका लागि वडा नं. ४, ७ र ८ छनौट गर्ने सर्वसम्मत निर्णय गरियो |

<u>तपशीलः</u>

**नयाँ उद्यमी सिर्जना तर्फ**

| **क.स** | **क्रियाकलाप** | **रकम** |
|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | २५००० |
| २ | उद्यमशीलता विकास तालिम | ६२२०० |
| ३ | प्राविधिक सीप विकास तालिम | १६०४८६ |
| ४ | प्रविधि हस्तान्तरण | १००००० |
| ५ | वित्तिय सेवामा पहुँच | २७६०० |
| ६ | बजारीकरण सहयोग | २७६०० |
| ७ | उद्यम विकास सहजकर्ताको तलब भत्ता | ४२७७२६ |
| ८ | पोसाक | १०००० |
| ९ | बैठक भत्ता / संचार/अनुगमन | ३२००० |
| १० | विविध | ४७३८८ |
| | जम्मा | ९२०,००० |

**लघु उद्यमीको स्तरोन्नति तर्फ**

| क्र.म | क्रियाकलाप | रकम |
|---|---|---|
| १ | उद्यमीको स्तरोन्नति पुनर्ताजकी तथा एडभान्स तालिम | २४०००० |
| २ | समूहमा प्रविधि हस्तान्तरण | १४०००० |

ग) वडा नं ३ मा रहेको माथिल्लो हुँडिखोला लघु जलविद्युत परियोजना मर्मत सम्भारमा भएको कूल खर्चको ४०% सम्बन्धित उपभोक्ताबाट व्यहोर्ने गरि बाँकी ६०% बराबरको रु. ४,००,८००/- (अक्षेरेपी चार लाख आठ सय रुपैयाँ) गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | म्याद थप |
|---|---|---|---|---|
| १ | चौरडाँडा-आँपस्वारा-पिपलडाँडा-अहाँलडाँडा सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-04/080/081 | श्री प्रगति निर्माण सेवा, आरुघाट, गोरखा | २०८१।१२।३० |
| २ | मसार-पिपलडाँडा सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-05/080/081 | श्री खोप्लाङ्ग कन्सट्रक्सन प्रा.ली. । | २०८१।१२।३० |
| ३ | झाक्रीचौक-देउराली-सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-06/080/081 | श्री प्रगति निर्माण सेवा, आरुघाट, गोरखा | २०८१।१२।३० |
| ४ | राम्चे-तिनखण्डे सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-07/080/081 | श्री प्रगति निर्माण सेवा, आरुघाट, गोरखा | २०८१।१२।३० |
| ५ | ढोडेनी-सौरपानी सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-01/079/080 | केडी न्यू गोरखा मनकामना कन्सट्रक्सन प्रा.ली. जेभी पोखरा | २०८२।०३।२० |
| ६ | राङ्गरुङ्ग-पोखरी-रनचोक-सडक स्तरोउन्नती निर्माण कार्य । | BSRM/GORKHA/NCB/WORKS-01/080/081 | श्री स्यम्भू कन्सट्रक्सन प्रा.ली. काठमाण्डौं । | २०८१।१२।३० |